काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : ३०७ ❐ मंगलवार, २ भदौ, २०८३ ❐ Thursday, 18 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णाली सरकार

तीन–तीन मन्त्रालयमा सहमति भए पनि ‘मालदार’ मन्त्रालयमा अड्कियो गाँठो

सत्ता सहमतिअनुसार कर्णालीमा दुवै दलले तीन–तीन मन्त्रालय पाउने समझदारी बने पनि कुन मन्त्रालय कसले लिने भन्ने विवाद कायमै छ। एमालेले भौतिक पूर्वाधार तथा सहरी विकास, आर्थिक मामिला तथा योजना र सामाजिक विकास मन्त्रालयमा दाबी गरेको छ।

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १ भदौ

सत्तासाझेदार नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बीच मन्त्रालय भागबन्डामा सहमति जुट्न नसक्दा कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् विस्तार अन्योलमा परेको छ। मन्त्रालयको संख्या र भागबन्डामा सैद्धान्तिक सहमति बने पनि कुन दलले कुन मन्त्रालय लिने भन्ने विषयमा विवाद कायमै रहँदा मुख्यमन्त्री मंगलबहादुर शाही सरकारलाई पूर्णता दिन दबाबमा परेका छन्। केन्द्रमा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल (प्रचण्ड) बिच भएको सत्ता समीकरणअनुसार एमालेको समर्थनमा नेकपाका नेता शाही कर्णालीको मुख्यमन्त्री बनेका हुन्। त्यसपछि प्रदेशमा दुवै दलबीच सत्ता साझेदारीको खाका बनाउन पटकपटक छलफल भए पनि मन्त्रालय छनोटमा कुरा मिल्न सकेको छैन। केन्द्रमा एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’बीच भएको पाँचबुँदे सहमतिअनुसार कर्णालीमा एमाले र नेकपाले तीन-तीन मन्त्रालय पाउने अवस्था बनेको बाँकी पृष्ठ २



विश्वासको मतमा समेत प्रभाव पर्न सक्ने

मुख्यमन्त्री शाहीले प्रदेशसभाबाट विश्वासको मत लिने तयारी गरिरहेका बेला सत्ता साझेदारबीचको विवाद थप पेचिलो बनेको हो। मन्त्रालय भागबन्डामा सहमति नजुटे विश्वासको मत लिने प्रक्रियासमेत प्रभावित हुन सक्ने नेकपाका एक नेताले बताएका छन्। नेकपा प्रदेशसभा संसदीय दलको बैठकमा पहिले मुख्यमन्त्रीलाई विश्वासको मत दिने र त्यसपछि मन्त्रिपरिषद् विस्तार गर्ने विषयमा छलफल भएको थियो।

तर एमालेको अडान कायमै रहेपछि अन्तिम निर्णय गर्ने जिम्मेवारी शीर्ष नेताहरूलाई दिइएको बताइएको छ। यता एमाले सांसद जीतबहादुर मल्लले भने अहिलेको विवाद सामान्य मन्त्रालय भागबन्डाको विषय मात्रै नभएको दाबी गरेका छन्। उनका अनुसार मुख्यमन्त्री शाहीले सरकार गठनका क्रममा कांग्रेसले छाडेका चार मन्त्रालय एमालेले पाउने मौखिक सहमति गरेको भए पनि पछि केन्द्रको सहमति देखाउँदै त्यसबाट पछि हटेको आरोप छ। मल्लले प्रदेशको सत्ता साझेदारी प्रदेशकै राजनीतिक शक्ति सन्तुलनका आधारमा टुंग्याउनुपर्ने बताएका छन्। उनका अनुसार एमाले केन्द्रको हस्तक्षेपभन्दा कर्णालीमै सहमतिका आधारमा मन्त्रालय बाँडफाँट गर्नुपर्ने पक्षमा छ।

मुख्यमन्त्रीमाथि दोहोरो दबाब

मन्त्रालय भागबन्डाको विवादसँगै मुख्यमन्त्री शाहीमाथि सरकारलाई पूर्णता दिने र प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्ने दोहोरो दबाब परेको छ।

एकातिर सत्ता साझेदार एमालेसँग मन्त्रालय बाँडफाँटमा सहमति जुटाउनुपर्ने अवस्था छ भने अर्कोतिर विश्वासको मतका लागि आवश्यक राजनीतिक वातावरण बनाउनुपर्ने चुनौती छ। केन्द्रका शीर्ष नेताबीच भएको सहमति प्रदेशमा कार्यान्वयन गर्ने कि प्रदेशकै दलहरूले आफ्नो राजनीतिक शक्ति र आवश्यकताका आधारमा मन्त्रालय बाँडफाँट गर्ने भन्ने प्रश्न अहिले कर्णालीको सत्ता राजनीतिमा मुख्य विवाद बनेको छ।

मन्त्रालयको संख्या तीन-तीनमा सहमति भए पनि जिम्मेवारी बाँडफाँटमा सहमति नजुट्दा सरकार गठनको प्रक्रिया लम्बिएको हो। यसले प्रदेश सरकारको नियमित कामकारबाहीसमेत प्रभावित हुने जोखिम बढाएको छ। अब सत्ता साझेदार दुई दलले व्यक्तिगत तथा दलीय अडानभन्दा माथि उठेर मन्त्रालयको जिम्मेवारी बाँडफाँट टुंग्याउनुपर्ने देखिएको छ। अन्यथा विश्वासको मत, मन्त्रिपरिषद् विस्तार र सरकारका आगामी नीति तथा कार्यक्रम कार्यान्वयनमा समेत राजनीतिक अस्थिरताको प्रभाव पर्न सक्ने अवस्था देखिएको छ।

सभामुख अर्यालद्वारा एकै दिन ३ विषयमा जवाफ दिन सरकारलाई रूलिङ



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १ भदौ

प्रतिनिधि सभाका सभामुख डोलप्रसाद अर्यालले सोमबारको बैठकमा सरकारका नाममा एकै दिन तीनवटा ‘रुलिङ’ गरेका छन्।

सांसदहरूले उठाएका प्रश्नको बेवास्ता गरेको भन्दै विपक्षी र सत्तापक्षीय सांसदहरूले समेत सदनमा उभिएर विरोध जनाएपछि सभामुखले प्रधानमन्त्री र सम्बन्धित मन्त्रालयहरूलाई जवाफ दिन निर्देशन दिएका हुन्।

सोमबारको बैठकमा पहिलो रुलिङ सभामुख अर्यालले प्रतिनिधि सभा नियमावलीको व्यवस्थाअनुसार सांसदहरूले उठाएका समसामयिक प्रश्नहरूको जवाफ दिन प्रधानमन्त्री बालेन्द्र शाहलाई रुलिङ गरेका छन्।

‘प्रतिनिधि सभा नियमावलीको नियम ५६, ५७, ५८ र ५९ मा भएको व्यवस्था बमोजिम माननीय सांसदहरूले उठाउनुभएका प्रश्नहरूको जवाफ दिन म प्रधानमन्त्रीज्यूलाई रुलिङ गर्दछु,’ सभामुखले बैठकमा भने। नियम ५६ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको व्यवस्था भए पनि सरकारले त्यसलाई बेवास्ता गरेको भन्दै सांसदहरूले नियमापत्ति जनाउँदै आएका थिए।

बैठकमा नेपाली कम्युनिस्ट पार्टीका सांसद गोपाल शर्माले रुकुम पश्चिम, जाजरकोट र बाँकी पृष्ठ २

सुर्खेतमा लक्षित वर्गका लागि सुरु गरिएको ग्यास वितरण कुपन प्रणाली हप्तादिन नपुग्दै बन्द

❐ **काँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, १ भदौ

नेपाल आयल निगम कर्णाली प्रादेशिक कार्यालय सुर्खेतले जिल्ला प्रशासन कार्यालयको सिफारिस (कुपन) का आधारमा आपत्कालीन प्रयोजनका लागि सुरु गरेको खाना पकाउने एलपी ग्यास वितरण प्रणाली सुरु भएको हप्तादिन नपुग्दै बन्द भएको छ।

कर्मचारी अभावका कारण जिल्ला प्रशासनबाट प्रदान गरिने नियमित सेवा प्रभावित भएको जनाउँदै निगमले उक्त कुपन प्रणाली बन्द गरेको हो। गत साउन २४ गते निमित्त प्रमुख जिल्ला अधिकारी, सरोकारवाला निकाय, राजनीतिक दलका प्रतिनिधि



र पत्रकारहरूको उपस्थितिमा बसेको बैठकले वीरेन्द्रनगरमा आपूर्ति हुने कुल ग्यासको १० प्रतिशत परिमाण असक्त, अपाङ्गता भएका व्यक्ति, सुत्केरी महिला, ज्येष्ठ नागरिक, अस्पताल तथा संवेदनशील निकायहरूका लागि जगेडा राख्ने निर्णय गरेको थियो।

सोही निर्णय अनुसार नेपाल आयल निगमको केन्द्रीय कार्यालयबाट साउन ३१ गते सूचना जारी भई ग्यास उद्योगका अधिकृत विक्रेताहरूमार्फत प्राथमिकताका आधारमा कुपन प्रणालीबाट वितरण सुरु गरिएको थियो। तर सुरु भएको थोरै समयमै कर्मचारी अभाव देखाउँदै भदौ २ गतेदेखि लागु हुने गरी उक्त कुपन प्रणाली पूर्ण रूपमा बन्द बाँकी पृष्ठ २

साक्षर समाज-सक्षम राष्ट्र

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।

शिक्षाः

- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि।

नेपाल सरकार

विज्ञापन बोर्ड

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
मंगलवार, २ भदौ, २०८३
Thursday, 18 Aug 2026

सम्पादकीय

किशोरीको थालबाटै सुरु हुन्छ कुपोषणको चक्र

कर्णालीमा कुपोषणको समस्या चर्चा गर्दा हामी प्रायः कुपोषित बालबालिकाको तौल, उनीहरूले पाउने खाना र स्वास्थ्य उपचारमा केन्द्रित हुन्छौं । तर कुपोषणको जरा त्यसभन्दा धेरै अघिदेखि फैलिएको हुन सक्छ। किशोरी अवस्थामा पोषणयुक्त खाना नपाउने, महिनावारीका नाममा खानपानमा बन्देज लगाउने, बालविवाह गर्ने र कम उमेरमै गर्भधारण गर्ने अवस्थासम्म पुग्ने सामाजिक अभ्यासलाई बेवास्ता गरेर कर्णालीको कुपोषण अन्त्य गर्न सम्भव देखिँदैन । जुम्लाकी तिलसरा नेपालीको जीवन यसको प्रतिनिधि उदाहरण हो। महिनावारीका बेला विद्यालय जान नपाउँदा उनको पढाइ छुट्यो, १४ वर्षमै विवाह भयो र १५ वर्षमै आमा बनिन् । गर्भावस्था तथा सुत्केरी अवस्थामा समेत पौष्टिक खानाबाट वञ्चित हुनुपर्दा उनी स्वयं कुपोषित भइन् र उनका सन्तानसमेत कुपोषणको जोखिममा परे ।

कर्णालीमा पाँच वर्षमुनिका ३६.६ प्रतिशत बालबालिका उमेरअनुसार होचा छन् भने १८.३ प्रतिशतको तौल कम छ । १५ देखि ४९ वर्षका महिलामध्ये २५.४ प्रतिशतमा रक्तअल्पता देखिएको तथ्यांकले पनि समस्या बालबालिकाको थालमा मात्र सीमित नभएको स्पष्ट गर्छ । अझ २० देखि २४ वर्ष उमेर समूहका विवाहितमध्ये ४१ प्रतिशतले १८ वर्ष नपुग्दै विवाह गरेको तथ्यांकले किशोरीको स्वास्थ्य, शिक्षा र पोषणबीचको सम्बन्ध थप गम्भीर बनाउँछ । महिनावारीका बेला दूध, दही, घिउ, मासु र फलफूलजस्ता पोषिलो खानेकुराबाट तीनदेखि पाँच दिन वञ्चित हुने अभ्यासलाई सामान्य परम्परा ठान्नु पनि गलत हो । महिनामा पाँच दिन मात्रै यस्तो प्रतिबन्ध हुँदा वर्षमा करिब ६० दिन पुग्छ । वर्षौंसम्म दोहोरिने यस्तो व्यवहारले महिलाको पोषणमा दीर्घकालीन असर पार्न सक्छ ।

त्यसैले कर्णालीको पोषण नीति अब बच्चाको उपचारमा मात्र सीमित हुनु हुँदैन । किशोरीको पोषण, मर्यादित महिनावारी, बालविवाह न्यूनीकरण, सुरक्षित मातृत्व र महिलाको खानामाथिको समान अधिकारलाई एउटै जीवनचक्रका रूपमा हेर्न आवश्यक छ । परिवार, विद्यालय, स्थानीय तह, स्वास्थ्य संस्था र प्रदेश सरकारले मिलेर पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको विभेदकारी अभ्यास परिवर्तन गर्नुपर्छ । कुपोषित बच्चाको तौल बढाउनु आवश्यक छ, तर उसकी आमाले किशोरी हुँदा के खाइन्, महिनावारीमा कस्तो व्यवहार भोगिन् र कति उमेरमा विवाह तथा गर्भधारण गरिन् भन्ने प्रश्नको उत्तर नखोजी कुपोषणको स्थायी समाधान खोज्न सकिँदैन । कर्णालीमा पछिल्लो १२ वर्षमा १०६ जना आमाको र २ हजार २०५ जना शिशुको मृत्यु भएको तथ्यांकले पनि मातृ-शिशु स्वास्थ्यको चुनौती गम्भीर रहेको देखाउँछ । अब कर्णालीले एउटा कुरा स्पष्ट रूपमा स्वीकार्नुपर्छ । कुपोषणको उपचार बच्चाको थालबाट होइन, किशोरीको थालबाट सुरू गर्नुपर्छ । महिनावारीलाई अशुद्धता होइन, स्वास्थ्य र मानव अधिकारको विषयका रूपमा स्थापित गर्दै छोरीलाई पर्याप्त पोषण, शिक्षा र सम्मान दिन सके मात्रै कुपोषणको पुस्तान्तरण हुने चक्र तोड्न सकिन्छ ।

भारतीय स्वतन्त्रताको ८० वर्ष:

नेपाल–भारत सम्बन्धका आयामहरू



✍ युवराज पौडेल

स्वतन्त्रताको पृष्ठभूमि र सम्बन्धको आरम्भः

१५ अगस्ट १९४७ दक्षिण एसियाको इतिहासमा एउटा निर्णायक दिन हो । करिब दुई शताब्दी लामो ब्रिटिस औपनिवेशिक शासनबाट भारत स्वतन्त्र भयो । त्यो दिन भारतका लागि मात्र होइन, समग्र दक्षिण एसियाका लागि पनि नयाँ राजनीतिक युगको सुरुआत थियो । भारतले आफ्नो राजनीतिक भविष्य आफैँ तय गर्ने अधिकार पायो । स्वतन्त्रताको त्यो लहरले छिमेकी मुलुकहरूको राजनीतिक चेतनालाई पनि प्रभावित गर्‍यो । आज भारतले ८०औँ स्वतन्त्रता दिवस मनाउँदैछ । यो भारतका उपलब्धि सम्झने अवसर हो । योसँगै नेपालसँगको सम्बन्धलाई पनि एकपटक फर्केर हेर्ने बेला हो । विगतका अनुभवबाट सिक्दै अहिलेको सम्बन्धलाई बुझ्ने र आगामी बाटो पहिल्याउने समय पनि हो । नेपाल–भारत सम्बन्ध आधुनिक राजनीतिक एवम् कूटनीतिक सम्बन्ध भन्दा धेरै पुरानो छ । धर्म, संस्कृति, भाषा, व्यापार, तीर्थयात्रा, पारिवारिक सम्बन्ध र जनस्तरको निरन्तर आवतजावतले दुई देशलाई पुस्तौंदेखि जोड्दै आएको छ । त्यसैले यो सम्बन्धलाई केवल सरकार–सरकारबीचको सम्बन्धका रूपमा मात्र बुझ्नु हुँदैन । नेपाल(भारत सम्बन्ध सुदुर ऐतिहासिक छ, विशिष्ट छ ।

भारतीय स्वतन्त्रता आन्दोलन विदेशी शासन हटाउने राजनीतिक संघर्ष मात्र थिएन । यो आत्मसम्मान, आत्मशासन र नैतिक समाज निर्माणको जागरण पनि थियो । महात्मा गान्धीले सत्य, अहिंसा, सत्याग्रह, स्वराज र जनसहभागितालाई आन्दोलनका आधार बनाए । मानव कल्याणका यी मूलभूत मूल्यमा टेकेर स्वतन्त्रता संग्रामले नयाँ उचाइ प्राप्त गर्‍यो । यसको प्रभाव भारतको सीमाभन्दा बाहिर पनि धेरै परसम्म पुग्यो । त्यतिबेला नेपालमा राणा शासन थियो । जनताका अधिकार अति सीमित थिए र प्रजातान्त्रिक चेतना विस्तारै संगठित हुँदै थियो । भारतका विभिन्न सहर नेपाली राजनीतिक गतिविधि, सम्पर्क र संगठन निर्माणका केन्द्र बने । भारतमा शिक्षा, रोजगारी र राजनीतिक सम्पर्कका लागि पुगेका नेपालीहरू त्यहाँको स्वतन्त्रता आन्दोलनको वातावरणबाट प्रभावित भए ।

बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारीलगायत नेपाली नेताहरूको राजनीतिक चेतनाको विकासमा भारत सम्पर्कको महत्त्वपूर्ण भूमिका रह्यो । भारतमा विकसित लोकतन्त्र, नागरिक अधिकार र राजनीतिक स्वतन्त्रताको चेतनाले नेपालको प्रजातान्त्रिक आन्दोलनलाई पनि ऊर्जा दियो । त्यो बेला भारत औपनिवेशिक शासनबाट मुक्त हुँदै थियो भने नेपाल निरंकुश शासनबाट मुक्ति खोज्दै थियो । यही ऐतिहासिक अन्तरसम्बन्धले आगामी नेपाल–भारत सम्बन्धको आधार तयार गर्‍यो ।

भारत स्वतन्त्र भएपछि नेपाल–भारत सम्बन्धले औपचारिक स्वरूप लिन थाल्यो । तर यसको आधार तत्कालीन राजनीतिक आवश्यकता मात्र थिएन । साझा इतिहास, संस्कृति, धर्म, व्यापार र जनस्तरको सम्बन्धले दुई देशलाई पहिल्यैदेखि जोडेको थियो । यही पृष्ठभूमिमा १९५० को नेपाल–भारत शान्ति तथा मैत्री सन्धि भयो । यसले दुई देशको आधुनिक सम्बन्धलाई संस्थागत आधार दियो । सन्धिले सुरक्षा, आर्थिक र सामाजिक सम्बन्धलाई समेत प्रभावित गर्‍यो । यसका केही प्रावधानबारे भने नेपालमा समय–समयमा प्रश्न उठ्दै आएका छन् । १९५० को सन्धिलाई मित्रता र विवाद दुवैका कोणबाट बुझ्न सकिन्छ । यसका उपलब्धि र यससँग जोडिएका आशंका दुवैलाई इतिहासको वस्तुगत दृष्टिले हेर्नु आवश्यक छ ।

प्रजातन्त्र, पञ्चायत र गणतन्त्रसम्मको सम्बन्ध–यात्रा

भारत स्वतन्त्र भएपछिको नेपाल–भारत सम्बन्ध नेपालको राजनीतिक परिवर्तनसँगै बदलिँदै गयो । प्रजातन्त्रको स्थापना, पञ्चायती व्यवस्था, बहुदलीय व्यवस्थाको पुनर्स्थापना, माओवादी द्वन्द्व, शान्ति प्रक्रिया र गणतन्त्रसम्मका हरेक राजनीतिक मोडमा भारतसँगको सम्बन्ध महत्त्वपूर्ण रह्यो ।

२०१५ सालको आमनिर्वाचनपछि बीपी कोइरालाको नेतृत्वमा नेपालको पहिलो जननिर्वाचित सरकार बन्यो । लोकतान्त्रिक भारत र लोकतान्त्रिक अभ्यासतर्फ अघि बढिरहेको नेपालबीच राजनीतिक सम्बन्धका नयाँ सम्भावना खुले । तर २०१७ सालको राजा महेन्द्रको कदमपछि नेपालको राजनीतिक बाटो फेरियो र पञ्चायती व्यवस्था सुरु भयो । पञ्चायतकालमा नेपालले आफ्नो स्वतन्त्र परराष्ट्र नीतिमा जोड दिँदै भारतसँग सन्तुलन कायम गर्ने प्रयास गर्‍यो । भौगोलिक निकटता र आर्थिक निर्भरता एकातिर थियो । राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको संवेदनशीलता अर्कोतिर । यही अवस्थाले समय–समयमा दुई देशबीच असहजता ल्यायो । १९८९–९० को व्यापार तथा पारवहन संकट यसको एउटा महत्वपूर्ण उदाहरण थियो । त्यस घटनाले नेपाल र भारतबीचको गहिरो आर्थिक तथा भूराजनीतिक अन्तरसम्बन्ध उजागर गर्‍यो ।

२०४६ सालमा बहुदलीय ब्यवस्था पुनर्स्थापित भयो । पुनर्स्थापित प्रजातन्त्रसँगै सम्बन्धले पनि नयाँ राजनीतिक सन्दर्भ पायो । लोकतान्त्रिक सहकार्य, व्यापार र जनस्तरीय सम्पर्कका नयाँ सम्भावना खुले । तर केही वर्षमै नेपाल माओवादी सशस्त्र द्वन्द्वमा प्रवेश गर्‍यो । शान्ति, लोकतन्त्र र राजनीतिक स्थायित्वका प्रश्न प्रमुख बने ।

२०६२–६३ को जनआन्दोलनपछि शान्ति प्रक्रिया अघि बढ्यो । संविधानसभा हुँदै नेपाल गणतन्त्रमा प्रवेश गर्‍यो । यस अवधिमा भारतले नेपालको राजनीतिक घटनाक्रममा नजिक रहँदै कूटनीतिक तहमा विशेष भूमिका निर्वाह गर्‍यो । तथापि, नेपालको राजनीतिक परिवर्तन नेपाली जनताको आफ्नै संघर्ष र निर्णयको परिणाम थियो ।

२०६५ मा गणतन्त्र स्थापना भएपछि नेपाल–भारत सम्बन्धले नयाँ राजनीतिक सन्दर्भ पायो । त्यसपछि उच्चस्तरीय भ्रमण, व्यापार, ऊर्जा, पूर्वाधार, सीमा–सम्पर्क र विकास सहकार्य विस्तार हुँदै गए । तर सम्बन्ध सधैँ सहज भने रहेन । २०७२ मा नेपालको संविधान जारी भएपछि दुई देशबीच गम्भीर असहजता देखियो । संविधान जारी भएको समयमा दक्षिणी सीमावर्ती क्षेत्रमा आन्दोलन चलिरहेको थियो । त्यही बेला नेपालले अत्यावश्यक वस्तुको आपूर्तिमा अवरोध भोग्नुपर्‍यो । केहि समय नेपालले अघोषित नाकाबन्दीनै खेप्नु पर्यो । भारतले संविधानमा असन्तुष्ट पक्षको माग सम्बोधन र सहभागितालाई जोड दियो । नेपालले संविधान निर्माणलाई आफ्नो सार्वभौम आन्तरिक प्रक्रिया भएको स्पष्ट गर्‍यो । यस घटनाले नेपालमा भारतप्रतिको धारणा र दुई देशको सम्बन्धबारेको बहसलाई नयाँ मोड दियो । पछि उच्चस्तरीय राजनीतिक संवाद र भ्रमणमार्फत सम्बन्धलाई सामान्य बनाउने प्रयास भए । सम्बन्ध सुधार हुँदै गयो ।

१९४७ देखि आजसम्मको यात्रा हेर्दा नेपाल–भारत सम्बन्धमा मित्रता र सहकार्यसँगै असमझदारी र उतारचढाव पनि आएका छन् । भौगोलिक निकटता र आर्थिक सम्बन्धले दुवै देशलाई जोडेको छ । यही निकटतासँगै राष्ट्रिय स्वाभिमान र सार्वभौमिकताका प्रश्न पनि उठ्दै आएका छन् । राजनीतिक व्यवस्था बदलिँदै गए पनि एउटा कुरा स्थिर छ—नेपाल र भारत एकअर्कालाई बेवास्ता गरेर आफ्नो राष्ट्रिय हित पूरा गर्न सक्ने अवस्थामा छैनन् । त्यसैले इतिहासले एउटा पाठ दिएको छः निकटता आवश्यक छ, तर निकटता बराबरीको सम्मानमा आधारित हुनुपर्छ ।

बदलिँदो राजनीतिक परिवेशमा नेपाल–भारत सम्बन्ध

गणतन्त्र स्थापनापछि नेपाल–भारत सम्बन्धको दायरा राजनीतिक सम्पर्कभन्दा धेरै फराकिलो बनेको छ । ऊर्जा, व्यापार, सडक, रेल, स्वास्थ्य, शिक्षा, पर्यटन र सीमापार पूर्वाधारमा सहकार्य विस्तार भएको छ । पेट्रोलियम पाइपलाइन, एकीकृत जाँच चौकी, सीमापार रेल सेवा र विद्युत् प्रसारण संरचना यसका देखिने उदाहरण हुन् । शिक्षा, स्वास्थ्य, खानेपानी, स्थानीय पूर्वाधार, भूकम्पपछिको पुनर्निर्माण र सांस्कृतिक सम्पदा संरक्षणमा भएको सहयोगले यस सम्बन्धलाई विकास साझेदारीसम्म विस्तार गरेको छ । पछिल्लो समय नेपालबाट भारततर्फ विद्युत् निर्यात बढ्नु यसको नयाँ आर्थिक आयाम हो । तर आर्थिक सम्बन्धमा अवसरसँगै केही असन्तुलन पनि छन् ।

भारत नेपालको प्रमुख व्यापारिक साझेदार भए पनि दुई देशबीचको व्यापारमा ठूलो अन्तर छ । नेपालको ऊर्जा, पर्यटन, रोजगारी र वैदेशिक व्यापारमा भारतको भूमिका महत्त्वपूर्ण छ । अर्कोतर्फ व्यापार असन्तुलन, सीमा व्यवस्थापन, १९५० को सन्धि, सीमा विवाद र पारवहनजस्ता विषय अझै संवेदनशील छन् । खुला सीमा नेपाल–भारत सम्बन्धको विशिष्ट पक्ष हो । यसले लाखौँ मानिसको आवतजावत सहज बनाएको छ । शिक्षा, रोजगारी, व्यापार, विवाह र तीर्थयात्राले दुई देशका नागरिकलाई पुस्तौंदेखि जोडेको छ । तर खुला सीमासँगै सुरक्षा, अवैध कारोबार, मानव तस्करी र सीमा व्यवस्थापनका चुनौती पनि छन् । त्यसैले खुला सीमा दुई देशका लागि सुविधा र चुनौती दुवै बनेको छ।

कांग्रेसले देउवा पक्षलाई समेट्न प्रयास गर्ने, धकेल्यो महाधिवेशन तालिका

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १ भदौ

नेपाली कांग्रेसले १५ औँ महाधिवेशनको कार्यतालिका संशोधन गरेको छ । सानेपामा बसेको केन्द्रीय समितिले भदौ २ गतेदेखि सुरु हुने वडा अधिवेशनलाई धकेलेको महामन्त्री प्रदीप पौडेलले बताए । असन्तुष्ट पक्षलाई पनि समेट्ने प्रयास भइरहेकाले वडा अधिवेशन पर धकेलेको बताए । उनले भने, 'वडा अधिवेशन सुरु गरेपछि उहाँहरूका लागि ढोका बन्छ हुन्छ । त्यसैले अझै पनि उहाँहरू आउनसक्नुहुन्छ कि भनेर गरेको प्रयास हो । हामी सहमतिको लागि लचिलो भएका छौं ।' अरू कार्यतालिका हेरफेर गरेपछि महाधिवेशनको अन्तिम मिति असोज १६-१९ भने यथावत् रहेको बताए । उनले मंसिरभित्र महाधिवेशन बाध्यकारी रहेको बताए ।

सुर्खेतमा...

गरिएको छ । निगमद्वारा जारी सूचना अनुसार अब एलपी ग्यास सिलिन्डरको सम्पूर्ण बिक्री वितरण साविकबमोजिम नै ग्यास उद्योगका अधिकृत विक्रेताहरू (डिलर) मार्फत मात्र हुनेछ ।

कुपन प्रणाली बन्द भएसँगै आपत्कालीन अवस्थाका लक्षित वर्गलाई पनि ग्यास खरिदका लागि सोझै ग्यास विक्रेताहरूसँग सम्पर्क गर्न निगमले अनुरोध गरेको छ ।

निर्णय भएको केही दिनमै सेवा बन्द हुँदा आपत्कालीन अवस्थाका सर्वसाधारण तथा लक्षित वर्गहरू फेरि ग्यास पाउनबाट वञ्चित हुने र सास्ती खेप्नुपर्ने जोखिम बढेको छ ।

सभामुख...

सल्यानका भूकम्प प्रभावितहरूको समस्यामा सरकार जिम्मेवार नबनेको भन्दै उभिएर विरोध जनाएका थिए । उनले साउन २२ गते नै दिएको ९ दिने अल्टिमेटम सकिँदा पनि सरकारले जवाफ नदिएको भन्दै आक्रोश व्यक्त गरे । सांसद शर्माले सरकारबाट लिखित प्रतिबद्धता वा जवाफ नआउन्जेल संसद्मै उभिइरहने अडान लिएपछि सभामुखले यसबारे ३ दिनभित्र सदनलाई जवाफ दिन सरकारलाई दोस्रो रुलिङ गरे ।

त्यसै गरी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद आशिका तामाङले कम्बोडियामा ३७ दिनअघि निधन भएका धादिङका सन्तोष राईको शव नेपाल ल्याउन सरकारले चासो नदिएको भन्दै उभिएरै विरोध जनाइन् । 'अर्थ मन्त्रालयले बजेट छुट्याएको छ तर परराष्ट्रले कार्यविधि नबनाउँदा आफन्तले लासको आश मारिसके,' उनले भनिन्, 'सरकारले कि यिनीहरू नेपाली नागरिक होइनन् भन्नुपर्‍यो, नत्र जवाफ नआउन्जेल म उभिइरहन्छु ।' सांसद तामाङको मागपछि सभामुख अर्यालले यस विषयमा पनि ३ दिनभित्रै जवाफ दिन सरकारलाई निर्देशन दिएका छन् ।

सांसदहरूको निरन्तरको विरोध र सदनको गतिरोध अन्त्य गर्न सभामुखले एकै दिन यी तीनवटा महत्त्वपूर्ण विषयमा सरकारलाई रुलिङ गरेका हुन् ।

तीन...

छ । तर मन्त्रालय रोज्ने विषयमा एमाले कर्णाली संसदीय दलका नेता यामलाल कँडेलले राखेको अडानका कारण सहमति कार्यान्वयन हुन नसकेको दुवै पक्षका नेताहरूको भनाइ छ ।

एमालेले आफूले रोजेका मन्त्रालय पाउनुपर्ने अडान राखेको छ । एमाले स्रोतका अनुसार मुख्यमन्त्री नेकपाको भागमा रहेकाले आफ्नो दलले भौतिक पूर्वाधार तथा सहरी विकास, आर्थिक मामिला तथा योजना र सामाजिक विकास मन्त्रालय पाउनुपर्ने माग गर्दै आएको छ ।

यसअघि कँडेल नेतृत्वको सरकारमा नेपाली कांग्रेसले सम्हालेका मन्त्रालयमध्ये आफूले रोजेका मन्त्रालय पाउनुपर्ने एमालेको अडान रहेको बताइएको छ । यता नेकपाले भने केन्द्रको सहमतिअनुसार तीन-तीन मन्त्रालयको भागबन्डा कार्यान्वयन गर्नुपर्ने बताउँदै आएको छ । मन्त्रालयको छनोटमा सहमति जुटाउन दुवै पक्षबीच छलफल भए पनि विवाद समाधान हुन सकेको छैन ।

कर्णालीको सत्ता समीकरण मिलाउन केन्द्रबाट भएका प्रयासप्रति एमाले नेता कँडेल सुरुदेखि नै असन्तुष्ट देखिँदै आएका छन् । प्रदेश सरकार सञ्चालनका विषयमा केन्द्रबाट निर्देशन दिनेभन्दा प्रदेशमै रहेका दलहरूले सहमतिका आधारमा सत्ता साझेदारी टुंग्याउनुपर्ने उनको धारणा छ ।

यसअघि केन्द्रमा सत्ता साझेदारीसम्बन्धी सहमति भएपछि पनि कँडेलले प्रदेशको विषय प्रदेशमै समाधान गर्नुपर्ने बताएका थिए । उनले प्रदेशका विषयमा केन्द्रबाट हुने प्रत्यक्ष हस्तक्षेप उचित नहुने धारणा सार्वजनिक रूपमा राख्दै आएका छन् ।

मन्त्रालय भागबन्डा टुंग्याउन शनिबार नेकपाका नेता देव गुरुङसहितको टोलीले कँडेलसँग छलफल गरेको थियो । छलफलका क्रममा केन्द्रका एमाले नेताहरूसँग समेत टेलिफोन संवाद गराइएको स्रोतको भनाइ छ । तर त्यस क्रममा पनि कँडेल आफ्नो अडानबाट पछि नहटेको बताइएको छ । नेकपाले भने पहिले मुख्यमन्त्री शाहीलाई प्रदेशसभाबाट विश्वासको मत दिलाएर सरकारलाई वैधानिक रूपमा अघि बढाउने र त्यसपछि मन्त्रालय भागबन्डा टुंग्याउने प्रस्ताव गरेको थियो। तर एमाले यसमा पनि सहमत नभएको नेकपाका नेताहरूको दाबी छ । नेकपाले तत्कालका लागि विनाविभागीय मन्त्री पठाउने विकल्पसमेत अघि सारेको थियो । तर उक्त प्रस्तावमा समेत सहमति जुट्न सकेन ।

साउन महिनामा ३ अर्ब ७७ करोड वैदेशिक लगानी स्वीकृत, १८८ साना उद्योगमा आकर्षण



काँक्रेविहार संवाददाता
काठमाडौं, १ भदौ

आर्थिक वर्ष २०८३/८४ को पहिलो महिना साउनमा नेपालमा ३ अर्ब ७७ करोड २८ लाख ८४ हजार रुपैयाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ। उद्योग विभागको वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण शाखाले सार्वजनिक गरेको मासिक प्रतिवेदन अनुसार यस अवधिमा कुल १९१ वटा आयोजनाका लागि उक्त लगानी स्वीकृत भएको हो।

यस महिना स्वीकृत भएका कुल आयोजनामध्ये १८७ वटा स्वचालित मार्ग मार्फत आएका छन् जसको लगानी प्रतिबद्धता ३ अर्ब ४७ करोड ३४ लाख ८४ हजार रुपैयाँ रहेको छ। बाँकी ४ वटा आयोजना स्वीकृत प्रक्रिया बाट आएका हुन् जसको प्रतिबद्धता २ ९ करोड ९४ लाख रुपैयाँ रहेको छ।

यी प्रस्तावित उद्योगहरूबाट १ हजार ७७३ जनालाई रोजगारी दिने लक्ष्य राखिएको छ। लगानीको वर्गीकरण अनुसार साउन महिनामा साना उद्योगमा अत्यधिक आकर्षण देखिएको छ। विभागका अनुसार कुल १९१ आयोजना मध्ये १८८ वटा साना उद्योग, २ वटा मझौला उद्योग र १ वटा ठूलो उद्योग रहेका छन्।

लगानीको परिमाणका आधारमा पर्यटन क्षेत्र सबैभन्दा अगाडि देखिएको छ, जहाँ ३३ वटा आयोजना मार्फत १ अर्ब ६३ करोड ७८ लाख ५० हजार रुपैयाँ (कुल लगानीको ४३ प्रतिशत) प्रतिबद्धता आएको छ। यस्तै, संख्यात्मक आधारमा सूचना तथा प्रविधि क्षेत्रमा सबैभन्दा धेरै १२८ वटा आयोजनामा ५६ करोड ९८ लाख ३४ हजार रुपैयाँ लगानी प्रस्ताव गरिएको छ।

अन्य क्षेत्रहरूमा उत्पादनमूलक क्षेत्रमा ९ वटा आयोजनाका लागि ८४ करोड ३२ लाख, सेवा क्षेत्रमा १९ वटा आयोजनाका लागि ६८ करोड २० लाख तथा ऊर्जा र कृषि तथा वनमा आधारित क्षेत्रमा १-१ वटा आयोजनाका लागि २०-२० लाख रुपैयाँ लगानी स्वीकृत भएको छ। यस महिना खनिज र पूर्वाधार क्षेत्रमा भने कुनै पनि लगानी प्रस्ताव आएको छैन।

वैदेशिक लगानी स्वीकृतिका साथै विभागले यस अवधिमा ३ वटा सेयर खरिद सम्झौता वा सेयर सदस्यता सम्झौता मार्फत २५ करोड ४० लाख रुपैयाँ स्वीकृत गरेको छ भने ८ वटा प्रविधि हस्तान्तरण सम्झौता अनुमोदन गरेको छ।

भिसा सिफारिस र रोयल्टी फिर्ताको तथ्यांक हेर्दा साउन महिनामा ५० लगानीकर्ता, ३६ प्रतिनिधि र ४८ आश्रित गरी १३४ व्यावसायिक भिसाका लागि सिफारिस गरिएको छ।

साथै ८ वटा विज्ञापन र १ वटा प्रविधि हस्तान्तरणका लागि गैर-पर्यटक भिसा सिफारिस भएको छ। लाभांश बापत कुनै रकम फिर्ता नलगे पनि रोयल्टी बापत २४ करोड २१ लाख ९३ हजार ३८० रुपैयाँ, ६ लाख ३३ हजार ६६ अमेरिकी डलर र १० लाख २९ हजार ९४४ भारतीय रुपैयाँ फिर्ता लगिएको छ। सेवा शुल्क तर्फ १७ लाख १८ हजार ५२० नेपाली रुपैयाँ र २२ लाख १० हजार भारतीय रुपैयाँ बाहिरिएको विभागको तथ्यांकले देखाएको छ।

बडिमालिका पूजाका लागि जुम्लाको सरकारी टोली प्रस्थान



काँक्रेविहार संवाददाता
जुम्ला, १ भदौ

बाजुरामा रहेको प्रसिद्ध बडिमालिका भगवती मन्दिरमा परम्परागत पूजा गर्न जुम्लाको सरकारी टोली आज साउन एक गते त्यसतर्फ प्रस्थान गरेको छ।

नागपञ्चमीका अवसरमा बडिमालिकामा पूजा गर्ने पुरानो धार्मिक तथा सांस्कृतिक परम्पराअनुसार टोली बाजुरा गएको हो।

प्रमुख जिल्ला अधिकारी केदारनाथ शर्माका अनुसार खरिदार तिलकप्रसाद न्यौपानेको नेतृत्वमा प्रशासन कार्यालयका कर्मचारी र पुजारी विष्णुप्रसाद उपाध्यायसहित पाँच सदस्यीय टोली बडिमालिका तर्फ गएको छ।

टोलीसँगै जुम्लाबाट ठूलो सङ्ख्यामा भक्तजन समेत यात्रामा सहभागी भएका छन्। बडिमालिकामा नागपञ्चमीका दिन जुम्लाबाट सरकारी टोली पुगेर पूजा गर्ने परम्परा लामो समयदेखि चलिआएको छ।

तत्कालीन जुम्ला र डोटी राज्यबीच कायम धार्मिक तथा सांस्कृतिक सम्बन्धका आधारमा बडिमालिकामा संयुक्त रूपमा पूजा गर्ने चलन अहिले पनि निरन्तर रहेको प्रजिअ शर्माले बताए।

टोलीलाई बिदाइ गर्नुअघि नेपाली सेनाको टुकडीले बटुक भैरवनाथ, बाबा चन्दननाथ र दरबार मालिकाको सम्मानमा सलामी अर्पण गरेको थियो।

ब्यान्डबाजा र बिगुलसहित पूजाको डोली बोकेर प्रस्थान गरेको टोलीलाई स्थानीयवासी, भक्तजन तथा सरकारी-गैरसरकारी संस्थाका प्रतिनिधिले फूलमाला र अबिर लगाएर बिदाइ गरेका थिए।

प्रजिअ शर्माका अनुसार यात्राका क्रममा सुरक्षा व्यवस्था मजबुत बनाउन मार्गमा पर्ने सीमावर्ती जिल्लाका प्रशासन तथा प्रहरी कार्यालयसँग समन्वय गरिएको छ।

आवश्यक पत्राचार गरी सुरक्षा व्यवस्थापनको तयारी पूरा गरिएको उनले बताए।जुम्लाको टोली बडिमालिका पुगेपछि डोटी र बाजुराबाट पुगेका टोलीसँगै संयुक्त रूपमा पूजा गर्ने परम्परा छ।

धार्मिक, ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेको बडिमालिका यात्रा जुम्लाको पुरानो धार्मिक परम्पराका रूपमा लिइँदै आएको छ।

२२ लाख किलोभन्दा बढी जडीबुटी निकासी



काँक्रेविहार संवाददाता
सल्यान, १ भदौ

गत आर्थिक वर्ष २०८२ र ८३ मा २२ लाख ६८ हजार एक सय ६५ किलो जडीबुटी निकासी भएको छ। डिभिजन वन कार्यालय सल्यानका अनुसार जिल्लाका १० वटै स्थानीय तहका राष्ट्रिय वन तथा निजी आवादीबाट संकलित जडीबुटी बाहिरी जिल्लामा निकासी गरिएको हो।

जडीबुटी बिक्रीबाट गत वर्ष जिल्लामा २३ करोड ३६ लाख ८१ हजार पाँच सय रुपैयाँ भित्रिएको कार्यालयले जनाएको छ।

१३ प्रजातिका जडीबुटी निकासीबाट २३ लाख ३३ हजार सात सय रुपैयाँ राजस्व संकलन भएको कार्यालयका सूचना अधिकारी ललितजंग खड्काले जानकारी दिए। सल्यानबाट टिमुर, रिठा, तेजपात, काउलोको बोक्रा, चुत्रो, गुजरगानो, अमला, घोडताप्रे, दालचिनीको बोक्रा, गुर्जो, कचुर, झ्याउ र कालिकाठको दाना लगायत जडीबुटी निकासी भएका छन्। तीमध्ये चुत्रो, रिठा र टिमुरको निकासी सबैभन्दा बढी रहेको कार्यालयले जनाएको छ। गत आर्थिक वर्षमा तिन लाख २७ हजार दुई सय ४५ किलो टिमुर निकासी भएको थियो।

टिमुरबाट मात्रै १७ करोड ९९ लाख रुपैयाँ जिल्लामा भित्रिएको र १० लाख १६ हजार रुपैयाँ राजस्व संकलन भएको खड्काले बताए। त्यस्तै, पाँच लाख ५४ हजार दुई सय ३२ किलो रिठाबाट दुई करोड २१ लाख रुपैयाँ तथा आठ लाख ६२ हजार एक सय ७५ किलो चुत्रोबाट एक करोड ८९ लाख रुपैयाँ जिल्लामा भित्रिएको छ।

गुजरगानोबाट ७५ लाख ५४ हजार, तेजपातबाट २४ लाख, काउलोको बोक्राबाट २३ लाख ५० हजार, अमलाबाट पाँच लाख ४० हजार र घोडताप्रेबाट एक लाख ८० हजार रुपैयाँ आम्दानी भएको कार्यालयले जनाएको छ।

दालचिनी, गुर्जो, कचुर, झ्याउ र कालिकाठको दानाबाट समेत जिल्लामा आम्दानी भएको छ। छत्रेश्वरी गाउँपालिका, शारदा र बनगाड कुपिण्डे नगरपालिकामा टिमुरको संकलन बढी हुने गरेको छ।

त्रिवेणी, छत्रेश्वरी र बागचौर क्षेत्रमा रिठा तथा बनगाड कुपिण्डे, कुमाख र दार्मामा चुत्रो बढी पाइने कार्यालयले जनाएको छ। कालिमाटी, त्रिवेणी र कपुरकोट क्षेत्रमा तेजपातको संकलन बढी हुने गरेको छ।

अधिल्लो आर्थिक वर्ष २०८१ र ८२ मा सल्यानबाट १७ लाख ३९ हजार किलोभन्दा बढी जडीबुटी निकासी भएको थियो। उक्त वर्ष १९ लाख ३९ हजार रुपैयाँभन्दा बढी राजस्व संकलन भएको थियो। कार्यालयका अनुसार अधिल्लो वर्षको तुलनामा गत वर्ष जडीबुटीको संकलन तथा निकासीको परिमाण उल्लेख्य रूपमा बढेको छ।

कर्णाली प्रदेश
सभाले निर्माण गरेका
कानुनबारे जनहितमा जारी सन्देश

कर्णाली प्रदेश सभाद्वारा हालसम्म पारित भएका ऐनहरु वेबसाईट http://pga.karnali.gov.np मा राखिएका छन्। ती वेबसाईटमा राखिएका ऐनहरुलाई अध्ययनगरी कार्यान्वयनमा सहयोग गरौं।

प्रदेश सभाको नियमित गतिविधि हेर्न "कर्णाली प्रदेश सभा" युट्युब च्यानल सब्सक्राईब गरौं।

कर्णाली प्रदेश सभाबाट पारित भएका कानुनहरुमा सुझाव दिनु परेमा खण्डमा इमेल karnalipradesh@gmail.com मा पठाऔं।

प्रदेश सभाको गतिविधि बारे थप सुधार गर्न आवश्यक सुझाव पठाऔं।

कर्णाली प्रदेश सभाका चार ओटा समिति, राजनीतिक दलहरुका बारेमा सबै जानकारी वेवसाईटमा छ।

र, कानुन कर्णालीको समृद्धिका लागि हो। कर्णालीको विकासका लागि हो। कानुनबारे अनभिज्ञ छ् भनि नमिल्नू हुँदा कानुन बारेमा जानकारी लिन प्रदेश सभाको वेबसाईट नियमित रुपमा हेर्नें बानी बसालौं।

थप जानकारीका लागि
कर्णाली प्रदेश सभा सचिवालय
कर्णाली प्रदेश, नेपाल
फोन नम्बर: ०८३-५२१५०८ | इमेल: karnalipradesh@gmail.com

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

राष्ट्रिय दैनिकहरूद्वारा विज्ञापन बजार व्यवस्थित गर्न सामूहिक प्रतिबद्धता



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १ भदौ

नेपालको छापा माध्यम क्षेत्रमा देखिएको आर्थिक संकट, विज्ञापन बजारको अस्वस्थ प्रतिस्पर्धा, अनियमित मूल्य निर्धारण तथा भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न राष्ट्रिय दैनिक पत्रिकाहरूले सामूहिक प्रतिबद्धता घोषणा गरेका छन् ।

काठमाडौंमा सोमबार सम्पन्न राष्ट्रिय दैनिकहरूको साझा भेलाले विज्ञापन बजारमा स्वस्थ प्रतिस्पर्धा, पारदर्शी कारोबार र सञ्चार उद्योगको दीगो विकासलाई प्राथमिकता दिँदै सामूहिक प्रतिबद्धता तथा घोषणा-पत्र जारी गरेको हो ।

घोषणा-पत्रमा डिजिटल माध्यमको तीव्र विस्तार, विज्ञापन बजारमा आएको संकुचन, अस्वस्थ मूल्य प्रतिस्पर्धा तथा भुक्तानीमा देखिएको अनियमितताका कारण समग्र छापा माध्यम गम्भीर आर्थिक चुनौतीमा परेको उल्लेख गरिएको छ ।

यस्तो अवस्थामा राष्ट्रिय दैनिकहरूबीच आपसी सहकार्य, समन्वय र व्यावसायिक मर्यादा कायम गर्न आवश्यक रहेको भेलाको निष्कर्ष छ । राष्ट्रिय दैनिकहरूले विज्ञापन दरमा अनावश्यक प्रतिस्पर्धा नगर्ने र वास्तविक लागत तथा बजार मूल्यभन्दा अस्वाभाविक रूपमा कम दरमा विज्ञापन स्वीकार नगर्ने प्रतिबद्धता जनाएका छन् ।

विज्ञापनको आकार, स्थान, प्रकृति, प्रकाशन दिन तथा अन्य व्यावसायिक सुविधाका आधारमा पारदर्शी र स्पष्ट दर निर्धारण गर्ने उनीहरूको भनाइ छ ।

त्यस्तै, विज्ञापन बजारमा न्यूनतम व्यावसायिक मापदण्ड कायम गर्न साझा आधारभूत विज्ञापन दर निर्धारण तथा कार्यान्वयनका लागि आवश्यक संयन्त्र निर्माण गर्ने घोषणा गरिएको छ ।

विज्ञापनदाता आकर्षित गर्ने नाममा अत्यधिक तथा अपारदर्शी छुट, कमिसन वा अन्य सुविधामार्फत अस्वस्थ प्रतिस्पर्धा नगर्ने पनि प्रतिबद्धता गरिएको छ ।

लुम्बिनीका मुख्यमन्त्री चेतनारायणले पाए विश्वासको मत





❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १ भदौ

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले विश्वासको मत प्राप्त गरेका छन् ।

सोमबार लुम्बिनी प्रदेशसभा बैठकमा प्रस्तुत विश्वासको मतसम्बन्धी प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा आचार्यले विश्वासको मत प्राप्त गरेका हुन् ।

मुख्यमन्त्री आचार्यको विश्वासको मतको पक्षमा ४५ मत र बिपक्षमा २६ मत परेको थियो ।

मुख्यमन्त्री आचार्यको विश्वासको मतको पक्षमा परेको मत प्रदेशसभामा कायम सदस्य संख्याको बहुमत भएकाले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले घोषणा गरे ।

मुख्यमन्त्री आचार्यलाई एमाले, नेकपा, राष्ट्रिय जनमोर्चा र जसपा नेपालका सांसदहरुले विश्वासको मत दिएका हुन् भने कांग्रेस र जनमतका सांसदले बिपक्षमा मत दिएका थिए ।

Community Based Campus Affiliated to Tribhuvan University
त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस

Shiva Jan Campus
शिव जन क्याम्पस

Shitalpati, Salyan
शीतलपाटी, सल्यान
Estd.2007 A.D. स्था.वि.सं.२०६४

सूची दर्ता सम्बन्धी सूचना ।

(प्रकाशित मिति : २०८३ भाद्र ०२ गते)

उपरोक्त विषय सम्बन्धमा यस **शिव जन क्याम्पस**का लागि आ.व.२०८३/०८४ मा तपसिल बमोजिमका सामान तथा सेवा खरिद गर्नका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद निमावली २०६४ को नियम १८ अनुसार नियम ७२ र ८५ को सेवाको प्रयोजनको लागि मालसमानहरु आपूर्ति, निर्माण, मर्मत गर्न सक्ने सामानको विवरण सहित फर्मको नाम, ठेगाना र सम्पर्क नम्बर उल्लेख गरी मिति २०८३/०५/१५ गते भित्र शिव जन क्याम्पसमा सूचि दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि क्याम्पसको इमेल shivajancampus2064@gmail.com वईव साइट www.shivajancampus.edu.np/088-400114 मा सम्पर्क गर्न सकिने छ ।

आपूर्ति गर्नुपर्ने मालसमान तथा सेवाहरु

क) खरिद तथा आपुर्ति तर्फ
- ✓ पुस्तक तथा सन्दर्भ पुस्तकहरु
- ✓ स्टेशनरी तथा मसलन्दका सामानहरु
- ✓ कम्प्युटर नेटवर्किङ, कम्प्युटर सफ्टवयेर तथा कम्प्युटर र फोटोकपी र पार्टसहरु
- ✓ विद्युतीय सामग्रीहरु
- ✓ छपाई सम्बन्धी कार्यहरु
- ✓ फर्निचर तथा फर्निसिङ सम्बन्धी सामानहरु
- ✓ खेलकुद सामग्री
- ✓ निर्माण तथा रङरोगन सम्बन्धी
- ✓ पत्रपत्रिका

ख) परामर्श सेवातर्फ
- ✓ निर्माण सम्बन्धी
- ✓ इन्जिनियरिङ्ग
- ✓ विभिन्न सफ्टवयेर निर्माण तथा परिमार्जन
- ✓ विविध होटल,रेष्टुरेन्ट, आवास सम्बन्धी

ग) मर्मत सेवातर्फ
- ✓ कम्प्युटर, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक र इन्टरनेट
- ✓ फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सामानहरु मर्मत
- ✓ निर्माण, पुनः निर्माण तथा मर्मत सम्भार, मेसिनरी औजार

घ) सूचना प्रकाशन तथा प्रसारण सम्बन्धी सेवा

दर्खास्तसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु
- फर्म तथा कम्पनी प्रमाणित प्रमाण पत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
- नगरपालिका भित्र रहेका व्यवसायीहरुको हकमा व्यवसायिक प्रमाणपत्रको प्रतिलिपि
- आ.व.२०८१/०८२ को सबै सम्बन्धित करचुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि

अन्य जानकारी
- आवश्यक प्रमाणपत्रको प्रतिलिपिसम्म नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारवाही गरिने छैन ।
- सूचिकृत भएका विक्रेता, फर्म, संस्था वा कम्पनीहरुबाट कार्यालयको आवश्यकता अनुसार सामान तथा सेवा खरिद गर्न सकिनेछ ।
- सूचिकृत भएका विक्रेता, फर्म, संस्था वा कम्पनीहरुले सन्तोषजनक सेवाका सामान सप्लाइ नगरेको खण्डमा सूचिबाट हटाइनेछ ।
- फर्म, संस्था वा कम्पनी सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
- यस सूचना अनुसार दर्ता भएका सूचि आ.व.२०८३/०८४ का लागि मात्र मान्य हुनेछ ।

कमल थापा
क्याम्पस प्रमुख

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)